# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा ३ बमोजीमको विवरण निम्नानुसार रहेको छ।

सूचना सार्वजनिक गर्ने निकायको नाम: आई. एम. ई. लाइफ इन्स्योरेन्स कम्पनी लि.

सूचना सार्वजनिक गरेको अवधी: २०७८।०४।०१ देखी २०७८।०६।३१ सम्म।

**निकायको स्वरूप र प्रकृति:**
आई. एम. ई. लाइफ इन्स्योरेन्स कम्पनी लि. कम्पनी ऐन २०६३ बमोजिम पब्लिक कम्पनीको रुपमा स्थापना भई बीमा समितिबाट स्वीकृति प्राप्त जीवन बीमा कम्पनी हो।

**निकायको काम, कर्तव्य र अधिकार:**
यस कम्पनीको काम कर्तव्य र अधिकार बीमा ऐन २०४९, बीमा नियमावली २०४९ र कम्पनीको प्रबन्धपत्र, नियमावलीले तोके बमोजिम हुनेछ।

**निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण:**
यस कम्पनीमा हाल कर्मचारीको संख्या २६२ रहेको छ र कर्मचारीहरुको कार्य विवरण समय समयमा कम्पनीले तोके बमोजिम हुनेछ।

**निकायबाट प्रदान गरिने सेवा:**
विभिन्न किसिमका जीवन बीमाका बीमालेख जारी गर्ने, बीमा दावी फर्छ्यौट गर्ने, जीवन बीमाका अभिकर्ता तालिम सञ्चालन गर्ने लगायतका सेवाहरु रहेका छन्।

**सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:**
यस कम्पनीले हालसम्म केन्द्रीय कार्यालय सहित १३४ वटा शाखाहरुबाट जीवन बीमा सेवा प्रदान गर्दै आएको छ। सेवा प्रदान गर्ने शाखाहरु तथा जिम्मेवार अधिकारीहरुको नामावली यस कम्पनीको वेबसाइट www.imelifeinsurance.com मा उपलब्ध छ।

**सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि:**
बीमा समितिबाट स्वीकृत विभिन्न बीमा योजना अन्तर्गत उमेरको आधारमा स्वीकृत बीमाशुल्क दर लागु गरी बीमालेख जारी गर्ने गरिएको छ। दावीको हकमा बीमा नियमावली २०४९ ले तोके बमोजिम गर्ने गरिएको छ।

**निर्णय गर्ने प्रक्रिया र अधिकारी:**
... कार्यालय र विभिन्न तहका कर्मचारीहरुले विभिन्न निर्णय गर्न सक्ने गरी बिकेन्द्रित अख्तियारीको ...स्था मिलाइएको छ। अन्य एवं विशेष निर्णयहरुको हकमा निर्णय गरिने विषय वस्तुको प्रकृतिको आधारमा प्रमुख कार्यकारी अधिकृत, कम्पनीका विभिन्न समिति, उपसमिति तथा सञ्चालक समितिबाट आवश्यक निर्णयहरु लिने गरिएको छ।

**निर्णय उपर उजुरी सुन्ने अधिकारी:**
उजुरीको प्रकृतिको आधारमा सम्बन्धित शाखा प्रमुख, विभागीय प्रमुख तथा प्रमुख कार्यकारी अधिकृत उजुरी सुन्ने अधिकारीका रुपमा रहनुहुनेछ।

**सम्पादन गरेको कामको विवरण:**
बीमा ऐन २०४९, बीमा नियमावली २०४९ तथा बीमा समितिले तोके बमोजिम जीवन बीमासँग सम्बन्धित कारोबारहरुका सम्बन्धमा कम्पनीले सम्पादन गरेका वित्तीय कारोबारका विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्रिकामा नियमित रुपमा प्रकाशित गरिनेछ। साथै कम्पनीको वेवसाइटमा पनि विवरणहरु राखिएको छ।

**१०. सूचना अधिकारी र प्रमुखको नाम र पद:**
कम्पनी प्रमुखको नाम: कवि फुर्याल
सूचना अधिकारीको नाम: सुदिप राणा

**११. ऐन, नियम, विनिमय वा निर्देशिकाको सूची:**
कम्पनी ऐन २०६३, धितोपत्र ऐन २०६३ तथा नियमावली २०६४, बीमा ऐन २०४९ तथा नियमावली २०४९, आयकर ऐन २०५८ तथा नियमावली २०५९ बीमा समितिबाट जारी बीमकको संस्थागत सुशासन सम्बन्धि निर्देशिका २०७५, सम्पति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन २०६४,सम्पति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ( सूचीकृत व्यक्ती ,समुह वा संगठनको सम्पति वा कोष रोक्का) नियमावली २०७०, सम्पति शुद्धिकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली २०७३ तथा बीमा समितिले जारी गरेको सम्पति शुद्धिकरण तथा आतंकवादी कियाकलापमा वित्तीय लागानी निवारण निर्देशन २०७५ तथा बीमा समितिबाट जारी अन्य निर्देशन, परिपत्र एवं कम्पनीको संचालक समितिबाट जारी नीति नियम तथा विनिमयहरु।

**१२. ...दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:**
...पनीको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अद्यावधिक विवरणहरु त्रैमासिक रुपमा प्रत्येक त्रैमासिक समाप्त भएको ३० दिन भित्रमा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने गरिएको र वेबसाइटमा समेत उपलब्ध गराइएको छ।

**१३. तोकिए बमोजिमका अन्य विवरण:**
तोकिए बमोजिमका विवरणहरु निर्दिष्ट ढाँचामा तयार गरी सम्बन्धित निकायमा पठाउने गरिएको छ।

**१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण:** नभएको।

**१५. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण: www.imelifeinsurance.com**

**१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:** नभएको।

**१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:**
कम्पनीले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित हुँदै आएको, कम्पनीको वार्षिक प्रतिवेदनमा उल्लेख गर्दै आएको र वेबसाइटमा समेत रहेको छ।

**१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:** नभएको।

**१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सोको उपर सूचना दिएको विवरण:** नभएको।

**२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण:**
राष्ट्रिय स्तरको पत्र पत्रिकामा तथा यस कम्पनीको वेबसाइट www.imelifeinsurance.com

IMELiFE
Ensuring Future

**आई. एम. ई. लाइफ इन्स्योरेन्स कम्पनी लि.**
**IME LIFE INSURANCE COMPANY LIMITED**
पोष्ट बक्स नं. ७४०, हात्तीवे कम्प्लेक्स, लैनचौर,काठमाण्डौ, नेपाल
फोन नं. ४०२४०७१, टोल फ्री नं. १६६००१९८८८८
इमेल: info@imelifeinsurance.com
वेबसाइट: www.imelifeinsurance.com

अभियान २०७८/०७/२५